ESCR National Network Nepal
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल, नेपाल
Economic, Social & Cultural Rights National Network, Nepal

मितिः २०७८ चैत्र २८ गते

माननीय डा. रामकुमार फुयाँलज्यू
माननीय सदस्य, राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
इमेल : rkphuyal@npc.gov.np,
phuyal_ram5@yahoo.com,

**विषयः बजेट तथा कार्यक्रम तर्जुमाका सम्वन्धमा नागरिक समाजका सुझावहरु पेश गरिएको बारे ।**

माननीय डा. फुयाँलज्यू,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल (Economic Social and Cultural Rights National Network-ESCR National Network) सचिवालयको रुपमा न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)को संयोजनमा यही चैत्र २२ गते काठमाडौंमा आयोजना गरिएको **"बजेट तथा कार्यक्रम तर्जुमाका सम्वन्धमा नागरिक समाजका सुझावहरु" विषयक "अर्न्तक्रिया कार्यक्रम"** को **"प्रमुख अतिथि"को** रुपमा सहभागी भई नागरिक संघ संथाका प्रतिनिधिहरुको सल्लाह सुझावलाई आत्मसात गर्दै आगामी बजेट तथा कार्यक्रमका सम्वन्धमा प्रतिवद्दता सहित आफ्ना विचार राख्नुभएकोमा सञ्जाल तथा सञ्जालमा सम्बद्द सबै नागरिक संघ संस्था तथा जुरी-नेपालको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

उक्त कार्यक्रमले नागरिक समाजको आवाजलाई आगामी कार्यक्रम तथा बजेटमा प्रतिबिम्बित गर्नमा मद्दत पुगेको हामीले अपेक्षा तथा विश्वास गरेका छौं । कार्यक्रममा प्रस्तुत कार्यपत्रका साथै कार्यक्रममा विभिन्न नागरिक सञ्जाल, महासंघ तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुवाट प्राप्त भएका सुझावहरुलाई संक्षिप्तरुपमा यसैसाथ संलग्न गरी पेश गरिएको व्यहोरा जानकारी गराउदै आगामी आ.व.को कार्यक्रम र बजेटले यसैसाथ संलग्न सुझावहरु विशेष गरी मानव केन्द्रित विकास तथा मौलिक हकको कार्यान्वयन, लैंगिक समानता तथा सामाजिक समावेशीताका साथै विशेषगरी आर्थिकरुपमा विपन्न तथा सिमान्तकृत वर्गको उत्थान र हितको सुनिश्चितताको लागि बजेट तथा कार्यक्रम केन्द्रित होस् भन्ने विषयमा जोड दिँदै यसैसाथ संलग्न सुझावहरुलाई मध्यनजर गर्दै आगामी बर्षको कार्यक्रम तथा बजेट तर्जुमा गर्न गराउनका लागि आवश्यक पहलका लागि हार्दिक अनुरोध गर्दछौं ।

सचिवालयको तर्फबाटः

अधिवक्ता मोहनलाल आचार्य
कार्यकारी निर्देशक, जुरी-नेपाल

*पुनश्चः* कार्यक्रममा प्रस्तुत सामाग्री, कार्यक्रममा प्राप्त भएका सुझावहरु समेतको संक्षिप्त प्रतिवेदन यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

**बोधार्थ** : श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं
श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं

# खण्ड क. कार्यक्रममा प्रस्तुत सामाग्री (powerpoint presentation)

**बजेट तथा कार्यक्रम तर्जुमाका सम्वन्धमा नागरिक समाजको अपेक्षा तथा सुझावहरु**

**अर्न्तकृया कार्यक्रम**

**मोहनलाल आचार्य, कार्यकारी निर्देशक,**
**जुरी- नेपाल**

**२२ चैत्र, २०७८, बुद्दनगर, काठमाडौं**

## पृष्ठभूमी

- विश्वव्यापी कोरोना महामारीले सबै क्षेत्रको अर्थ व्यवस्थामा नकारात्मक प्रभाव पारेको सर्न्दभमा संघीय सरकारद्वारा तर्जुमा हुन लागेको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयका सर्न्दभमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल तथा यसमा सम्बद्द विभिन्न सञ्जाल, महासंघ तथा नागरिक संघ संस्थाको तर्फबाट नागरिक समाजको अपेक्षा तथा सुझाव पेश गर्ने उद्देश्य रहेको ।
- यसभन्दा अघिल्ला बर्षहरुमा पनि सुझाव दिइएको (पछिल्लो २ बर्षमा कोभिडले श्रृजना गरेको बन्दाबन्दीका कारण लिखितरुपमा पेश गरिएको)
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालमा हाल ३७ वटा नागरिक सञ्जाल, महासंघ तथा नागरिक संघ संस्थाहरु सम्बद्द भई नागरिक हक अधिकारको क्षेत्रमा सहकार्य गर्दै आएको ।

## बजेट, कार्यक्रम तथा नीतिका प्राथमिकताहरु

- भौतिक पुर्वाधार तथा सामाजिक विकासमा सन्तुलन हुने आयोजनाको तर्जुमा गर्ने ।
- सार्वजनिक सेवा प्रवाहमा जोड दिने गरी आयोजना तर्जुमा गर्ने ।
- आर्थिकरुपमा विपन्नता, चरम गरिवीको सम्बोधनमा बजेटले जोड दिनुपर्ने ।
- अनिवार्य र नि:शुल्क शिक्षालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनका लागि विद्यालय निरन्तरता गर्न नसकिरहेका परिवारलाई दिगो आर्थिक सहायता कार्यक्रम केन्द्रित बजेट तय गर्ने ।
- नीजि क्षेत्रमा सामाजिक जवाफदेहीतालाई प्रोत्साहित गर्ने ।
- आर्थिक क्षति कम गर्ने उपायहरुको सम्बोधन गर्ने ।
- अनिवार्य बाहेकका भौतिक संरचना र भौतिक विकासका कार्यक्रमहरुलाई कम्तिमा २ बर्ष थाँती राख्ने र मानव प्राथमिकताकेन्द्रित बजेट तय गर्ने ।
- व्यक्तिको आर्थिक उन्नति र सामाजिक सवालहरुको सम्बोधनलाई प्राथमिकतामा राख्ने ।

## मौलिक हक कार्यान्वयनमा जोड दिनुपर्ने

- *आधारभूत तथा प्राथमिक आवश्यकतामाथि जोड दिनुपर्ने :*
- स्वास्थ्य: आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँचमा बृद्धि गर्ने र कोभिडविरुद्दको खोपमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
- शिक्षा: अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवहारिक तथा पूर्ण कार्यान्वयनमा जोड दिनुपर्ने ।
- रोजगारी: युवा तथा सिमान्तकृत समूह लक्षित कार्यक्रमको प्रभावकारिता र व्यवहारिक सम्बोधन गर्नुपर्ने ।
- खाद्य सुरक्षा: कृषि क्षेत्रमा लगानी बढाउने, दिगो खाद्य सुरक्षामार्फत भोकमरीको अन्त्य गर्ने र अत्यधिक मूल्यबृद्धि नियन्त्रणमार्फत उपभोक्ताको हकहित रक्षा गर्ने गरी बजेट तर्जुमा गर्नुपर्ने ।
- आवासको हक: भूमिहिन दलित तथा सुकुम्बासी समस्याको सम्बोधनमा ध्यान केन्द्रित हुनुपर्ने ।

- आर्थिक विपन्नताः आर्थिकरुपमा विपन्न परिवारको पहिचान तथा विपन्न वर्ग लक्षित राहत तथा सुविधामा जोड दिनुपर्ने । आर्थिक विपन्नताको कारक तत्वको खोजि तथा दिगो विकास र दिगो आय आर्जनमा जोड दिनुपर्ने ।

## लोकतन्त्र, समानता, न्याय तथा दिगो विकासमा जोड

- लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशीकरणमा बजेटले जोड दिनुपर्ने ।
- दिगो विकास २०३० को लक्ष्य, मर्म र सिद्धान्त "Leave No One Behind" को मर्मलाई बजेटले ध्यान दिनुपर्ने।
- भौतिक विकासमुखी भन्दा मानव विकासमुखी बजेट अर्थात मानवको जीवन निर्वाह, व्यक्तिको हकहितको संरक्षणमुखी बजेट तर्जुमा गर्नुपर्ने ।
- संविधानप्रदत्त मौलिक हकको व्यवहारिक कार्यान्वयनमुखी बजेट तथा कार्यक्रम र नीति तय गर्ने ।
- भ्रष्टाचारविरुद्व सून्य सहनशीलता, जवाफदेहीता, आर्थिक मितव्ययिता र पारदर्शितामा जोड दिने ।
- लोकतन्त्र, नागरिक अधिकार, नागरिक स्वतन्त्रता र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिततामा जोड दिने ।

## खाद्य असुरक्षा, कृषिमा सुधार र गरिबीको कारक तत्वको सम्बोधन

- वार्षिकरुपमा निश्चित आयभन्दा कम आय हुने परिवारको पहिचान गरी त्यस्ता व्यक्ति तथा घरधुरीहरुलाई स्थानीय सरकारमार्फत विशेष सेवा सुविधा तथा राहत उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।
- न्यूनतम खाद्य सुरक्षाको प्रत्याभूतिका लागि प्रत्येक पालिकाले अति विपन्न परीवारहरुको लगत लिई रोजगारी, कृषि सहयोग, कृषि उद्यमसँगै दिगो विकासमा जोड्ने ।
- कृषि तथा पशुपालनमा व्यवसायमा संलग्न व्यक्ति, परिवार तथा व्यवसायीहरुलाई विना धितो न्यूनतम दरमा सरल र सहज रुपमा कर्जा उपलब्ध गराउने ।
- कृषि तथा पशु बिमामा सर्वसाधारण तथा साना किसानको पहुँच चुनौतिको रुपमा रहेकोले पहुँचयोग्य बनाउने । बिमामा स्थानीय सरकारको भूमिकालाई प्रभावकारी बनाउने ।
- बाँझो जमिन कृषि उद्यम तथा उत्पादनको लागि उपयोग गर्ने कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्ने ।
- अत्यावश्यक खाद्यवस्तुको उत्पादनलाई चाहिने कच्चा पदार्थ र सहायक कच्चा पदार्थमा भन्सार नलिने वा अत्यन्तै सुलभ व्यवस्था गर्ने ।
- सरकारले खरिद गर्ने उपज तथा सामाग्रीहरुमा स्थानीय तथा स्वदेशका उपजहरुलाई प्राथमिकता दिने नीति लिने ।

## स्वदेशमै रोजगारीको दायरा बढाउन पहल गर्ने

- कोभिडका कारण विशेष गरी अनौपचारिक क्षेत्रका श्रमिकहरु बेरोजगार भएको सीमान्त आयमा जिवन निर्वाह गर्ने नागरिकहरु बढी जोखिममा परेकोले रोजगारीको हक सम्वन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न नयाँ रोजगारीका अवसर श्रृजना गर्नेगरी बजेट तर्जुमा गरिनुपर्ने । श्रम दिन नसकेको अवस्थामा बेरोजगार भत्ताको व्यवस्था गर्ने ।
- सामाजिक र नीजि क्षेत्रमार्फत नयाँ तथा पुरानालाई निरन्तर रुपमा रोजगारी श्रृजना गर्ने गतिविधिहरुलाई प्रोत्साहित गर्ने ।
- नयाँ तथा पुरानालाई निरन्तर रोजगारी श्रृजना गर्ने संघ संस्थालाई सेवा प्रवाह, समन्वय र स्विकृतिमा र नीजि कम्पनीलाई करमा विशेष छुटका योजनाहरु ल्याई प्रोत्साहित गर्ने ।
- बैकमार्फत सहुलियत ऋणको पहुँचका लागि धितो राख्नुपर्ने व्यवस्थालाई सुधार गरी विनाधितो सहजरुपमा ऋण प्रदान गर्ने व्यवस्थाको व्यवहारिक प्रत्याभूति गरिनुपर्ने ।
- सामुहिक उद्यमशिलतामार्फत रोजगारीको ग्यारेन्टी गर्ने खालका साना तथा मझौला योजनाहरुलाई सघाउने।
- रोजगारी सुनिश्चितता नभई खाद्य संकटमा पर्ने व्यक्ति तथा परिवार (विशेषगरी भुमीहिन, आर्थिकरुपमा विपन्न, दलित, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, सुकुम्बासी तथा रोजगारी गुमेका) का परिवारलाई बेरोजगार भत्ता वा जीवन निर्वाह भत्ता उपलब्ध गराउने ।
- स्थानिय तथा राष्ट्रिय रुपमा स्वच्छ बजार व्यवस्थापन गर्ने । स्वच्छ बजार प्रर्वद्धनका लागि पहल गर्ने।

## शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने

- समाजवाद उन्मूख राज्य व्यवस्थामा आधारभूत शिक्षा राज्यको दायित्वभित्र पर्ने विषयलाई बजेटले ध्यान दिनुपर्ने ।
- शिक्षाको निजीकरणलाई क्रमशः अन्त्य गर्ने योजना सहित सार्वजनिक शिक्षामा लगानी तथा जवाफदेहीता र शिक्षाको गुणस्तरमा जोड दिने ।
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र पूर्ण रुपमा निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क पाउने सुनिश्चितता गर्नुपर्ने ।
- आर्थिक रुपमा विपन्न, दलित, पछाडि पारिएका वर्ग, समुदाय, लोपोन्मुख तथा सिमान्तकृत समूदायका बालबालिकाका लागि उच्च माध्यामिक तहसम्मको शिक्षा अनिवार्य तथा पूर्णरुपमा निःशुल्क राज्यबाट प्राप्त गर्ने व्यवस्थालाई प्रभावकारीरुपमा लागु गर्ने ।
- आर्थिक अभावका कारण विद्यालय जान नसक्ने परिवार र बीचमै पढाई छोड्ने बालबालिकाका लागि सम्वन्धित स्थानिय सरकारमार्फत विशेष प्रोत्साहन भत्ता तथा परिवार सहयोग अनुदान तथा दिगो आर्थिक सहयोग उपलब्ध गराई सबै बालबालिकालाई विद्यालय जाने वातावरण तयार गर्ने ।
- बालमैत्री, अपाङ्गतामैत्री (अर्थात मानवमैत्री) तथा लैङ्गिकमैत्री तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री, विभेदरहित विद्यालयको अवधारणा कार्यान्वयनमा सघाउने गरी बजेट तर्जुमा गर्ने ।
- विद्यालय तथा सार्वजनिक निकायका भौतिक संरचनाहरु मानव अधिकारमैत्री (अपाङ्गतामैत्री, किशोरी मैत्री, बालमैत्री, प्रकोप प्रतिरोध मैत्री) बनाउन कार्यक्रम तयार गर्ने ।
- न्यूनतम गुणस्तरीय स्वास्थ्य पूर्वाधार तथा बाल बालिकामैत्री शिक्षाका लागि बजेटको व्यवस्था गर्ने।
- किशोरीमैत्री तथा यौनिक तथा लैंगिक अल्पसंख्यकमैत्री शौचालय निर्माण तथा पानीको आपूर्तिमा ध्यान दिने।
- शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न मदरसा, गुरुकुल तथा गुम्बा लगायतका शैक्षिक संस्थामा आवश्यक पर्ने जनशक्ति र साधन श्रोतका लागि बजेटले सम्बोधन गर्नुपर्ने ।

## स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्ने

- कोभिड-१९ को संक्रमणले निरन्तरता पाउनसक्ने र यस प्रकारका संक्रमण पुनः आउन र दोहोरिन वा बढ्नसक्ने सम्भावना देखिएकोले नीजि स्वास्थ्य प्रणालीको नियमनका साथै सार्वजनिक स्वास्थ्य सेवाको सुदृढीकरणमा जोड दिने ।
- स्वास्थ्य बीमामा सर्वसाधारण नागरिकको पहुँच बृद्धि र सहजिकरणमा जोड दिने ।
- स्वास्थ्य विमा गरिएका नागरिकहरुको स्वास्थ्य परिक्षण गराउँदा चिकित्सकको सिफारिस बमोजिम लाग्ने सबै प्रकारका औषधिको मूल्य समेत बीमा अर्न्तगत समेट्नुपर्ने व्यवस्था गर्ने ।
- स्वास्थ्य सेवामा निजीकरण क्रमशः कम गर्दै जाने र सबै नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने गराउने पूर्ण जिम्मेवारी राज्यको हुनेगरी क्रमशः आवश्यक बजेट र पुर्वाधारको व्यवस्था गर्दै जानेतर्फ बजेट लक्षित हुनुपर्ने ।
- राज्य कोषबाटै विपन्न नागरिक र उपेक्षित एकल महिला, जेष्ठ नागरिक, सबै प्रकारको अपाङ्गता भएका व्यक्ति, विपन्न दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिकरुपमा विपन्न तथा सिमान्तकृत वर्गका लागि स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने ।
- स्वास्थ्य सामाग्रीको राष्ट्रिय उत्पादनलाई प्रवर्द्धन गर्न बजेटको व्यवस्था गर्ने ।
- सुरक्षित मातृत्व र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका सवालहरुलाई सम्बोधन गर्नेगरी बजेट तयार गर्ने ।
- प्रजनन स्वास्थ्य सेवा तथा उपचारसँग सम्बन्धित सम्पूर्ण सेवाहरु सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराउने ।
- मनोविमर्श सेवालाई स्वास्थ्य सेवाको अभिन्न अंगको रुपमा समावेश गरी एकीकृत स्वास्थ्य सेवा लागु गर्ने ।

## जातीय भेदभाव तथा छुवाछूतविरुद्द सून्य सहनशीलता तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण

- जातीय रुपमा हुने विभेद र छुवाछुतका कारण दिनप्रतिदिन गम्भिर प्रकृतिका घटनाहरु घट्ने क्रम नरोकिएकोले कानूनको प्रभावकारी कार्यान्वन गर्न, छुवाछूत तथा जातीय विभेदविरुद्द शून्य सहनशीलता कायम गर्न गराउन जवाफदेही संयन्त्र, कानूनी सहायता र सचेतना तथा दलित समुदायको सशक्तिकरणमा बजेटले जोड दिनुपर्ने ।

- लैङ्गिक समानता तथा सामाजिक न्यायको प्रवर्द्धनका लागि कानून कार्यान्वयनमा संलग्न निकायहरुको भूमिका अभिवृद्धिमा जोड दिने ।
- यौनजन्य हिंसा तथा यातनाबाट पिडित व्यक्तिको स्वास्थ्य उपचार राज्यको दायित्वमा पार्ने । हिंसापिडितलाई सुरक्षित आवासको व्यवस्थाका लागि संरक्षण तथा आवास गृहको स्थापना तथा लैङ्गिकजन्य हिंसापिडीतका लागि विशेष कोषको व्यवस्था, उनिहरुको पुनःस्थापना तथा सम्मानित र आत्मनिर्भरताको लागि सीप सिकाईमार्फत आत्मनिर्भर बनाउन बजेटको व्यवस्था गर्ने ।
- स्थानीय न्यायिक समितिको भूमिका प्रभावकारी बनाउन कानून बिज्ञ नियुक्त गर्ने तथा समितिको कार्य सम्पादनका लागि अलग्गै कार्यकक्षका लागि बजेटको व्यवस्था गर्ने ।
- विगतमा विकासको मूल प्रवाहबाट पछाडि पारिएका समूदाय (विशेष गरी महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालवालिका लगायत) लक्षित बजेट तर्जुमा हुने गरेको भएपनि देश नयाँ संघीय स्वरुपमा गएपछि लक्षित बजेट बिनियोजन सम्वन्धित तीनवटै सरकारको तजवीजमा रहने अभ्यासले संबिधानको मर्म र भावनालाई आत्मसात गर्न नसकेको र त्यस्ता लक्षित समूदायहरुले प्राप्त गर्दै आएको श्रोत समेत गुमेको अनुभूति गरिरहेकोले त्यस्ता लक्षित वर्ग र समूदायका अवस्था र मागलाई विशेषरुपमा सम्बोधन गर्नेगरी बजेटको व्यवस्थामा जोड दिनुपर्ने । महिला विकास कार्यक्रममा जोड दिनुपर्ने ।
  - लैंङ्गिकमैत्री बजेटको तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनको सुनिश्चिततामा जोड दिनुपर्ने ।

## सुशासन, पारदर्शिता तथा जवाफदेहीतामा जोड

- आर्थिक व्ययभारलाई कम गर्न सरकारले विभिन्न समयमा उच्चस्तरिय प्रशासनिक सुधार आयोग तथा समितिहरु गठन गरेको र त्यस्ता समितिहरुले विभिन्न सुझावहरु दिएको भएतापनि उक्त सुझाव कार्यान्वयन नभएको सर्न्दभमा सरकारका विभिन्न निकायभित्रै विभिन्न संयन्त्र तथा संरचनाहरु बोझिलोरुपमा रहेको र त्यसले अनावश्यक खर्च बढाइरहेकोले अत्यावश्यक बाहेकका त्यस्ता संरचना तथा पदहरु खारेज गर्ने र राजनैतिक लाभका नयाँ संरचनाहरु थप नगर्ने ।
- राज्यका पूर्व पदाधिकारीहरुका लागि दिइएको सेवा सुविधालाई क्रमशः कम गर्नुका साथै मितव्ययि बनाउने । निवृत पदाधिकारीहरुका लागि राज्यकोषको दायित्व कम गर्दै लैजाने ।
- सुशासन, सूचनाको हकको प्रत्याभूति र जवाफदेहीता प्रर्वधनका लागि नागरिक संस्थाको भूमिकालाई सहयोग र प्रोत्साहित गर्ने ।
- सुशासनको क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षक लगायत अधिकारमुखी आयोगहरुको भूमिकाका लागि आवश्यक बजेट बिनियोजन गर्ने ।
- समूदाय परिचालन हुनेगरी बजेट तर्जुमा गर्नुपर्ने तथा बजेट तथा कार्यक्रम तयार गर्दा जनसहभागिता अर्थात लक्षित वर्गको सहभागिता भएमा मात्र त्यस्तो बजेट र कार्यक्रमप्रति नागरिकको अपनत्व हुने भएकोले जनसहभागितामूलक तवरवाट बजेट तर्जुमा गर्न तथा मागमा आधारित बजेट तथा कार्यक्रम तय गर्नुका साथै सोको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनुपर्ने ।

## सामाजिक सुरक्षा र संरक्षणको दायरालाई आवश्यकतामुखी र वैज्ञानिक बनाउने

- बढ्दो बेरोजगारीको अवस्थालाई मध्यनगर गरी न्यूनतम जिवन निर्वाहका लागि हाल दिँदै आएको सामाजिक सुरक्षाको दायरालाई बढाउनुका साथै आवश्यकतामा आधारित र वैज्ञानिक सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने ।
- राज्यबाट दोहोरो सुविधा लिने प्रवृतिको अन्त्यका लागि सेवा निवृत र राज्यकोषबाट नियमित सुविधा वा पारिश्रमिक पाउने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा नपार्ने ।
- विशेष सिमान्तकृत तथा आर्थिकरुपमा विपन्न (विशेष गरी दलित, लोपोन्मुख आदिवासी जनजाति, भूमिहिन तथा सुकुम्बासी तथा सबै प्रकारको अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपमा विपन्न र यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत) वर्गका लागि विशेष सेवा, सुविधा तथा संरक्षणको व्यवस्था गर्ने ।
- गरीबीको रेखामुनी रहेका नागरिकहरुलाई विशेष गरि सामाजिक रुपमा विभेदमा परेका नागरिकलाई “एक घर एक रोजगार” को व्यवस्था लागु गर्ने ।

- दलित समुदायको परम्परागत पेशालाई प्रबर्द्धन गर्न र रोजगारी श्रृजना गर्न एक प्रदेश एक राष्ट्रिय गौरवको योजना लागु गर्ने ।

## सामाजिक संघ संस्थाको भूमिकामा जोड दिने

- नागरिक अधिकारको प्रवर्धन तथा सामाजिक विकासको लागि सामाजिक संघ संस्था दर्ता, नविकरण तथा कार्यक्रम सञ्चालन र नयाँ परियोजना स्विकृति गर्दा सहज वातावरणको श्रृजना गर्ने ।
- सामाजिक संघ संस्थाका गतिविधिलाई सहजिकरण गर्नका लागि मूल्य अभिवृद्धि कर नलाग्ने विषयमा समेत कर लाग्ने, आयकर छुटको प्रमाणपत्र उपलव्ध नगराउने र कर छुटका प्रमाणपत्र हरेक बर्ष नविकरण गर्नुपर्ने लगायतका दायित्व सामाजिक सस्थामाथि लगाइएकोले त्यस प्रकारको व्यवस्था सम्बोधन र सहजिकरण गर्न आर्थिक ऐनमार्फत सम्बोधन गरी सहजिकरण गर्नुपर्ने ।
- सामाजिक संघ संस्थामार्फत सचेतना विकास, समानता र न्यायमा पहुँचका क्षेत्रमा सहकार्य र समन्वय गर्न सामाजिक संस्थालाई उनिहरुको योगदान र भूमिका तथा योग्यताका आधारमा बजेट उपलव्ध गराउने र सहकार्य गर्ने ।
- सामाजिक संघ, संस्थाहरुसँग साझेदारी गर्न बजेट विनियोजन गर्ने ।
- सामाजिक संघ संस्थाले गैरनाफामूलक तरिकाले उद्यमशिलता विकास, रोजगार प्रवर्द्धन र संस्थागत दिगोपनालाई कायम गर्ने वातावरणका लागि सरकारको तर्फबाट बजेट बिनियोजन गर्नुपर्ने ।

# खण्ड ख. कार्यक्रमको संक्षिप्त प्रतिवेदन तथा नागरिक संघ सस्थाका प्रतिनिधिका सुझावहरु

## बजेट तथा कार्यक्रम तर्जुमाका सम्वन्धमा नागरिक समाजका सुझावहरु

## अर्न्तक्रिया कार्यक्रम

**सेमी भर्चुअल कार्यक्रम (५ अप्रिल, २०२२), बुद्दनगर, काठमाडौं**

**संक्षिप्त कार्यक्रम सम्पन्न प्रतिवेदन**

### १. पृष्ठभूमी :

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालमा ३७ वटा नागरिक सञ्जाल, महासंघ तथा संस्थाहरु सम्बद्द भई नागरिक हक अधिकारको क्षेत्रमा सहकार्य गर्दै आएका छन् । यसभन्दा अघिल्ला बर्षहरुमा पनि सञ्जालको तर्फबाट नेपाल सरकारलाई लिखितरुपमा सुझाव दिइएको थियो । विश्वव्यापी कोरोना महामारीले सबै क्षेत्रको अर्थ व्यवस्थामा नकारात्मक प्रभाव पारेको सर्न्दभमा संघीय सरकारद्वारा तर्जुमा हुन लागेको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटमा समावेश हुनुपर्ने विषयका सर्न्दभमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल तथा यससँग सम्बद्द विभिन्न सञ्जाल, महासंघ तथा नागरिक संघ संस्थाको तर्फबाट नागरिक समाजको अपेक्षा तथा सुझाव पेश गर्ने उद्देश्यले आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार राष्ट्रिय सञ्जाल र न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) को संयोजनमा कार्यक्रम सम्पन्न भएको थियो । यो कार्यक्रम आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनरसँगको सहयोग र सहकार्यमा सम्पन्न गरिएको हो ।

### २. कार्यक्रमको मुख्य उद्देश्य :

यस कार्यक्रमको मूलत २ वटा निम्न उद्देश्यमा केन्द्रित रहेको थियो ।

क) आ.व.२०७९/२०८० मा नेपाल सरकारको तर्फबाट संघिय सरकारले तर्जुमा गर्न लागेको बजेट तथा कार्यक्रममा नागरिक समाजको अपेक्षा तथा सुझावहरु संकलन गर्ने ।

ख) आ.व.२०७९/२०८० मा नेपाल सरकारको तर्फबाट संघिय सरकारले तय गर्न लागेको बजेट तथा कार्यक्रममा नागरिक समाजको तर्फबाट सुझाव पेश गर्ने ।

### ३. कार्यक्रम सञ्चालनको प्रक्रिया, प्रस्तुति तथा विचार र सुझावहरु :

**क) कार्यक्रमको अध्यक्षता : कार्यक्रमको अध्यक्षता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालका संयोजक तथा जुरी-नेपालका अध्यक्ष अधिवक्ता श्याम कुमार विश्वकर्माले गर्नुभएको थियो ।**

**ख) कार्यक्रमको उद्देश्यवारे प्रकाश तथा स्वागत :** कार्यक्रमका अतिथि तथा सहभागीहरुलाई जागरण मिडिया सेन्टरका अध्यक्ष तथा संविधान सभाका सदस्य कमला विश्वकर्माले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्नुका साथै सबैलाई स्वागत गर्नुभएको थियो । वहाँले नेपाल सरकारले नीति, कार्यक्रम र बजेट तय गर्दा संविधानको भावना र मर्मलाई मध्यनजर राख्दै मौलिक हकको कार्यान्वयन प्रभावकारी रुपमा गरी महिला, दलित, पछाडी पारिएका वर्ग र समुदायहरुको मानवीय, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा विषेश ध्यान दिनुपर्ने र लैंङ्गिक उत्तरदायि बजेटमा जोड दिनुपर्ने सुझाव राख्नुभएको थियो । सरकारले भौतिक विकासमा मात्र ध्यान नदिई

मानवीय विकास, जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने गरी संघिय बजेट आउनु पर्ने र यसमा नागरिक समाजले दिएका सुझावहरु आगामी बजेटले समेट्नुपर्ने विषयमा जोड दिदै कार्यक्रममा सबै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

**ग) कार्यक्रमको सहजीकरण तथा कार्यपत्र प्रस्तुति :** कार्यक्रमको सहजिकरण जुरी-नेपालका उप कार्यकारी निर्देशक तथा अधिवक्ता विष्णुप्रसाद पोखेलले गर्नुभएको थियो । कार्यपत्रको प्रस्तुति जुरी-नेपालका कार्यकारी निर्देशक अधिवक्ता मोहनलाल आचार्यले गर्नुभएको थियो । कार्यक्रममा प्रस्तुत सामाग्री माथि उल्लेखित खण्ड (क) मा समावेश गरिएकोले यहाँ पुनरावृति गरिएको छैन ।

**घ) विशेष टिप्पणी तथा सुझावहरु** : कार्यक्रमको खुल्ला सत्रमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाससम्बद्द नागरिक संघ संस्था, सज्लाल तथा महासंघका तर्फबाट विभिन्न बिज्ञ सहभागीहरुले विभिन्न सुझावहरु दिनुभएको थियो । केही महत्वपूर्ण तथा टिपोट गरिएका सुझावहरु निम्न बमोजिम रहेका छनः

**श्री मित्रलाल शर्मा, अध्यक्ष, अपाङ्ग महासंघ नेपाल :**

- नेपाल सरकारले बनाउने सबै संरचना अपाङ्गमैत्री (मानवमैत्री) बन्नुपर्नेमा जोड दिनुभएको थियो । वहाँले काठमाडौंमा निर्मित आकाशे पुलहरु अपाङ्गतामैत्री नभएकोले बाटो काट्नका लागि धेरै नै असहज भएको बताउनुभएको थियो ।
- लक्षित समुदायका लागि कार्यक्रम तय गर्दा अपाङ्गता भएका व्यक्तिलाई पनि समावेश गरिनुपर्ने जस्तै कृषिका अनुदान वा अन्य कार्यक्रममा लक्षित समुदायमा अपाङ्गता भएका व्यक्तिलाई पनि अनिवार्य रुपमा समावेश गरियोस् भनी माग गर्नुभयो ।
- सरकारका सामाजिक सुरक्षा भत्ता पाएकाहरुले (जस्तैः अपाङ्गताको निलो कार्ड पाउनेले पनि सामाजिक सुरक्षा भत्ता पाउँछ) तर उसले प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन नपाउने व्यवस्था रहेकाले अपाङ्गता भएका व्यक्तिहरुको जीवीकोपार्जन गर्न धेरै नै असहज भएको जानकारी गराउनुभएको थियो ।
- साथै वहाँले बिरामी भएर अस्पताल जाँदा अस्पतालले जोखिम अवस्था भएमा खुट्टा काटेर पठाउँछ । तर कृतिम खुट्टा राखेर पठाईदिदैन त्यसका लागि ३५ हजार देखि १ लाख ५० हजार सम्म खर्च लाग्छ । त्यसको खर्च गर्न सक्ने सबै व्यक्ति तथा परिवार नभएकाले केही सामाजिक संघ सस्थाले सहयोग गर्दै आएको भएतापनि सो सबैको पहुँचमा नहुने भएकोले यस्ता विषयमा सरकारको पहल आवश्यक भएको सुझाव दिनुभयो ।
- अपाङ्गता भएका व्यक्तिहरुले चरम विभेदको सामना गरिरहनुपरेको अवस्था छ यसलाई पनि सम्बोधन गरिनुपर्नेमा जोड दिनुभएको थियो ।

**श्री परशुराम चौधरी, निल हिरा समाज :**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु घरपरिवार र समाजबाट तिरस्कृत भई घर र समाजबाट निकालिई अलग रुपमा रही कठिन जिवन विताइरहेका छन् । यस समुदायका दर्जनौं समस्याहरुको समाधान हुनुपर्ने बताउनुभयो ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको जनसंख्या वा यकिन तथ्याङ्ग हालसम्म पनि अद्यावधिक भईरहेको छैन । यसलाई मध्यनजर गरी केन्द्रिय तथ्याङ्क विभागले यस समुदायको पनि खण्डिकृत तथ्याङ्क नियमित रुपमा अध्यावधिक गरोस् ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले न्यून बजेट मात्र छुट्याई रहेको छ । यस समुदायको मानवीय विकासका लागि पर्याप्त बजेट छुट्याईयोस् ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई पनि सामाजिक सुरक्षा भत्ताको दायरामा ल्याईयोस् ।

**श्री लुभराज न्यौपाने, कार्यकारी निर्देशक, ओरेक :**

- नेपाल सरकारले बजेट विनियोजन गर्दा लक्षित वर्ग, महिला, दलित, सिमान्तकृत, बालबालिका लगायतका समूहलाई छुट्याईने बजेटको प्रतिशतका लागि कुनै मानक भएमा सोको सुनिश्चिता हुने थियो भनी यसमा पूर्नविचार गर्न सरकारलाई सुझाव दिनुभयो ।
- लैङ्गिक हिंसाका घटनाहरुलाई सम्बोधन गर्नका लागि एक पालिकाले १ लाख छुट्याउने गरेको पाईएको छ उक्त रकम सांकेतिकमात्र भएकोले पर्याप्त मात्रमा बजेट छुट्याईनुपर्नेमा जोड दिनुभयो ।
- लैङ्गिक हिंसाका पीडितहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको तथ्यांक छ तर नेपाल सरकारले हाल सम्म जम्मा २ वटा सेफ हाउसहरु आफैले सञ्चालन गरेको छ र अरु सबै गैससबाट सञ्चालनमा रहेका छन् । सेफ हाउसको संख्यामा वृद्धि गरि कम्तिमा १ प्रदेश १ सेफ हाउस सञ्चालन गर्न अनुरोध गर्नुभयो ।
- घरेलु श्रमिकहरुको सवाललाई न सामाजिक सुरक्षा कोषले समेट्यो न पञ्जिकरण विभागले समेट्यो, यसका साथै अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई समेत सामाजिक सुरक्षाको दायरामा ल्याईयोस्।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबसंग मेयर/उपमेयर वा अध्यक्ष/उपाध्यक्ष कार्यक्रम लगायतका उही प्रकृतिका उस्तै उस्तै कार्यक्रमहरु धेरै भएकाले कार्यक्रममा भएका दोहोरोपना हटाईयोस् । कार्यक्रमहरु नारामुखी भन्दापनि नागरिकमैत्री बन्नुपर्नेमा सुझाव दिनुभयो ।
- महिलाहरुलाई रोजगारी बनाउनका लागि बजारमा मागका आधारमा सिप विकासका तालिमहरु दिएर सक्षम बनाईयोस् ।
- द्वन्द्वमा परेका महिला हिंसाका सवालहरुलाई सम्बोधन गर्ने गरि बजेट ल्याईनु पर्दछ । छुट्याईएको बजेटको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।
- नीजि क्षेत्र, Corporate Social Responsibility अर्न्तगत छुट्याईएको बजेट कहाँ र कसरी खर्च भई रहेको छ सरकारले अध्ययन गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।
- सरकारले बनाएको मानव अधिकार राष्ट्रिय कार्य योजनाका साथै पन्ध्रौं योजनाको पूर्ण कार्यान्वयन के भई रहेको छ त्यस तर्फ पनि पुनः विचार गरियोस् भनी सुझाव दिनुभयो ।

**श्री अशोक सिंह, कार्यकारी निर्देशक, FIAN Nepal :**

- योजना बनाउने क्रममा समस्या हो कि ? योजनाको कार्यान्वयनमा समस्या हो ? सुक्ष्म अध्ययन हुनुपर्ने ।
- विकास बजेट ३५ प्रतिशत भन्दा खर्च नहुने, नागरिकहरु आधारभूत आवश्यकताको उपभोग गर्न नपाएर छटपटाई रहनु परिरहेको अवस्थालाई मध्यनजर गरि समस्याहरुको सम्बोधन उचित तवरबाट गरिनु पर्दछ।
- भौतिक विकासलाई मात्र केन्द्रित गरिदा पालिका आफैले पनि डोजर खरिद गरि भौतिक विकासलाई वढि जोड दिने जस्ता डोजर आतंक छन् । सम्बन्धित ठाउँमा माटोको परिक्षण विना र जोखिमको मापन विना खनिएका सडकहरुले धेरै नै क्षति पुर्‍याईरहनुका साथै विभिन्न आपति निम्त्याई रहेका छन् र वातावरण संरक्षणमा चुनौति थपिएको छ । खेतियोग्य जमिन मासिई रहेका छन् । जैवीक विविधतामा ह्रास आएको छ । भौतिक विकास गर्दा विनासको पक्ष पनि हेर्न र सन्तुलित विकास गर्न सुझाव दिनुभयो ।
- तराईमा गेट र पहाडमा भ्यू टावर जस्ता संरचना निर्माणको होडबाजीले गर्दा मानविय विकासका पक्षहरु ओझेलमा परेका छन् । यस्ता संरचनामा बजेट खर्च नहुने सुझाव दिनुभयो ।
- सरकार आफैंले मुक्त हलिया, मुक्त कमैया र कमलरीलाई मुक्त गर्ने तर उनीहरुको तथ्याङ्क अद्यावधिक नगर्ने, उचित राहतका प्याकेजहरु घोषणामा मात्र सिमित राख्ने प्रवृत्तिले गर्दा उक्त समुदाय हालसम्म

खाद्य सुरक्षा, आवास तथा शिक्षा लगायतका आधारभूत आवश्यकता पुरा नभएर गम्भिर समस्यामा परि छटपटाई रहेका छन् । उनिहरुको समस्याको सम्बोधन गर्नुपर्ने ।

- विशेष गरी पहाडी जिल्लामा खाद्य सुरक्षाको अभाव छ ।

**श्री रत्न कार्कि, कार्यकारी निर्देशक, RRN:**

- बार्षिक योजना बनाउदा सरकारले किन विकासको गतिलाई अगाडि बढाउन सकिरहेको छैन । देशलाई आत्मनिर्भर बनाउन देशमा रहेका समस्याहरुको सम्बोधन गर्न प्राथमिकिकरण गर्नु जरुरी छ।
- नेपाल कृषिप्रधान देश भनिएता पनि देशका अधिकांश जमिनहरु बाँझै छन् । गत वर्ष मात्रै नेपालले १५३ अर्बको खाद्य आयात गरेको छ । देशले कम्तिमा ५० अर्बको कृषि उत्पादन गर्न सके मात्रै पनि कति जनसंख्याले कृषि व्यवसाय गर्न पाउलान्, कतिले रोजगारी पाउलान् भन्ने किसिमको अनुमान गर्न सकिन्छ । त्यसका लागि सरकारले पहिला बाटोघाटोमा, सिंचाईमा, जलविद्युत्, शिक्षा, स्वास्थ्य कुन पक्षलाई प्राथमिकता दिनु पर्ने हो प्राथमिकिकरण राम्रोसँग गरियोस् । कृषि क्षेत्रमा लगानी पनि भई रहेको छ भनिन्छ तर हामि कहाँ चुकीरहेका छौं त्यसलाई मिहिन ढंङ्गबाट अध्ययन गरि विकास अघि बढाउनुपर्नेमा सुझाव दिनुभयो ।

**श्री एक बहादुर क्षेत्री, नागरिक अभियन्ता**

- सरकारले प्रादेशिकतामा जानु पर्ने हो तर गई रहेको छैन, जान चाहिरहेको छैन ।
- सम्पूर्ण कारोबार बैंकिङ मार्फत गरिनु पर्ने हो त्यो भई रहेकोछैन ।
- १४ अर्बको IPO शेयर सम्पूर्ण नेपालीले पाउनुपर्नेमा जम्मा ७ प्रतिशत नागरिकले मात्र पाई रहेका छन् भनी सरकारको इच्छाशक्तिमा प्रश्न उठाउनुभएको थियो ।

**श्री पम्फा परियार, अध्यक्ष,** ADWAN:

- राष्ट्रिय योजना आयोगले योजना बनाउनुभन्दा अघि लक्षित समुदायलाई अलग अलग रुपमा राखि छलफल चलाई उक्त वर्ग र समुदायको विकासका लागि सरकारले के कसरी गर्नुपर्दछ भन्ने विषयमा विचार अभिमत लिनु पर्ने थियो । हाल सम्म त्यसको अभाव रहेको देखिन्छ ।
- योजनाहरु धेरै राम्रा बनेका छन् भन्ने भनाईहरु सुन्न पाईन्छ तर नागरिकको वास्तविक जिवनमा परिर्वतन आएको पाईदैन । बजेटहरु विनियोजन हुन्छन् तर धेरै जसो खर्चनै नहुने प्रवृत्ति छ ।
- लक्षित वर्गहरुका लागि छुट्याईएका बजेट तथा कार्यक्रमका बारेमा लक्षित वर्गले सुचना पाउनु पर्ने र बजेट प्राप्त गर्ने प्रक्रियाहरु सहज र सरल हुनुपर्ने, वास्तविक रुपमा लक्षित समुदायले नै पाए कि पाएनन् भन्ने विषयको नियमित अनुगमन गरिनुपर्ने ।

**श्री विमला तामाङ्ग, अध्यक्ष, महिला एकता समाजः**

- सरकारको सामाजिक तथा आर्थिक विकासका योजनाहरुले भूमिहिन तथा सुकुम्बासीहरुलाई अहिलेसम्म पनि समेट्न सकेको छैन । आर्थिक रुपमा विपन्नताका कारण वर्षौंदेखि पुस्तौं पुस्ता सुकुम्बासी भएर बसेकाहरुलाई जग्गा उपलब्ध गराउनुको साटो अतिक्रमणकारी भनी रहेका छन् । के तिनीहरु अतिक्रमणकारी नै हुन त ? त्यस विषयलाई राष्ट्रिय योजना आयोगले स्पष्ट पारिदिनु पर्यो भनी प्रश्न गर्नुभएको थियो ।

**श्री सुन्दर सेनी, अधिवक्ता :**

- अपाङ्गता भएका दृष्ट्रिविहिनहरुले पाठ्चपुस्तक र सामाग्रीको अभावमा अध्ययन गर्न बाध्य भई रहेका छन्। उनीहरुलाई यथाशिघ्र ब्रेललिपीमा पाठ्चपुस्तक उपलब्ध गराईयोस् ।
- स्वास्थ्य उपचार अत्यन्त मंहङ्गो भएका कारण नेपाली नागरिकहरु हरेक बर्ष गरिवीको चपेटामा परेका छन् । स्वास्थ्य उपचारलाई सहज र सर्वसुलभ बनाईयोस् । स्वास्थ्यमा भएको अति मंहङ्गी र व्यापारीकरणलाई नियमन गरियोस् ।
- अन्तराष्ट्रिय प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने नेपाल सरकारले बजेट छुट्याउनुपर्ने, नेपालमा विद्यमान रहेका हानिकारक विभेदको अन्त्यका लागि कानूनी रुपमा अन्त्य भएता पनि अभ्यासमा अझै ज्यूँकात्यू रहेका छन् । त्यस्ता हानिकारक अभ्यासहरुको अन्त्यका लागि विभिन्न कार्यक्रमहरुको संञ्चालन गर्नका लागि बजेट विनियोजन गरि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- सामाजिक सुरक्षा (वृद्धा भत्ता) भत्ताहरु लिनका लागि ७ घण्टा हिंडेर जानु पर्ने बाध्यात्मक परिस्थितीको अन्त्य गरि बैंक वा सरकार नै घरघरमा पुग्ने व्यवस्था गरिनुपर्ने ।
- सवारी कर सुविधा भोगका रुपमा लिएर २ सय प्रतिशत कर मोटरसाईकल र ३ सय प्रतिशत कर गाडीलाई लिई रहेको छ । मोटरसाईकल अब अत्यावश्यक जस्तै भएको र सर्वसाधारणले पनि जेनतेन किन्नैपर्ने साधन भएकाले अत्यावश्यक साधनको रुपमा लिएर यसमा लिईएको करको दायरा घटाउनुपर्दछ।
- नेपालमा प्रदान गरिने शिक्षासँग सिप जोडिनु पर्दछ ।

**श्री सुनिल श्रेष्ठ, सबैका लागि न्याय :**

- बालबालिका भविष्यका कर्णाधारहरु हुन् । स्वस्थ्य बालबालिका हुनका लागि गर्भावस्थामा नै आमालाई पर्याप्तमात्रामा पोषणयुक्त खाना पाउनुपर्दछ । बालबालिकामा पोषणयुक्त खाना र राम्रो वातावरण पाएमा बालबालिकाको राम्रो बौद्धिक विकास हुन सक्ने हुन्छ त्यस तर्फ सरकारले ध्यान दिनुपर्दछ ।

**श्री अर्पणा श्रेष्ठ, एमनेष्टि ईन्टरनेशनल**

- डिजिटल शहर, स्मार्ट शहर जस्ता विषयहरु आईरहेको छ । हाल उक्त शहरहरुमा फोहरहरु समेत व्यवस्थापन नभई समस्या भईरहेको छ । नेपालका मुख्य मुख्य शहरहरुमा प्रदुषण दिन प्रतिदिन बढिरहेको छ । तर सरकार भने अन्तराष्ट्रिय फोरमहरुमा गई प्रतिवद्धताहरु जनाई रहेको छ ।
- आदिवासी जनजातीहरुको सांस्कृतिक अधिकार सुरक्षा गर्ने विषयमा ध्यान नदिई अन्य देशको सिको गरेर विकासका मोडलहरुलाई नक्कल गरिरहेको महसुस भईरहेको छ । यसलाई सम्बन्धित स्थानको जनतासंग छलफल गरेर मात्र विकास कार्य अघि बढेमा मात्र दिगो विकास र सबैको अधिकार सुनिश्चित गर्न सकिन्छ ।

**श्री राम बुढा मगर, संयोजक, ईन्द्रेणी ग्रामिण विकास केन्द्र, कपिलवस्तु:**

- नेपाल सरकारले ल्याएका कृषिसँग सम्बन्धित आर्थिक अनुदान कार्यक्रमहरुमा हुनेखाने, राजनीतिक पहुँचवालालाई मात्र पाउने खालको भईरहेको छ । त्यसकारण पछाडि परेका समुदाय, पहुँच विहिनहरुको पहुँचलाई कसरी सुनिश्चित गर्ने त्यस विषयमा गम्भिर ध्यानार्कषण होस् ।
- शेयर बजारमा IPO शेयर भर्नेहरुको खाताबाट हरेक पटक कम्तिमा रु.२० काटिने रहेछ । हाल २१ हजार सक्रिय शेयरकर्ताहरु छन् । त्यसबाट करोडौं रकम संकलन हुन्छ । त्यसको प्रयोग कहाँ भईरहेको छ । राष्ट्रिय योजना आयोगले यसको खोजि गरिनुपर्दछ र उचित ठाउँमा लगानीको सुनिश्चितता गर्नुपर्दछ ।

**श्री पोम नाराण पौडेल, आर्थिक, सामाजिक तथा सांस्कृतिक राष्ट्रिय सञ्जाल, कपिलवस्तु**

- नेपालमा घाटा बजेट बढिरहेको छ त्यसलाई कसरी सन्तुलन गर्ने भन्ने विषयमा ख्याल गर्नु पर्ने।
- सिमान्तकृत वर्ग, समुदाय, पछाडि पारिएका समुदाय, विपन्न, दलित समुदायको श्रोतमा पहुँच निकै न्यून छ त्यसलाई सुधार गर्नुपर्ने ।
- स्थानिय तहमा लक्षित समुदायका लागि न्यून बजेट रहेको छ । त्यसका लागि कसरी बढाउन सकिन्छ ध्यान दिनुपर्ने जरुरी छ ।
- सुशासनको अवस्थामा खडेरी परेको छ त्यसलाई कसरी प्रत्याभूत गर्न सकिन्छ ।
- उर्जामा नेपाल कसरी आत्मनिर्भर हुन सकिन्छ भन्ने विषयका ध्यान दिदै यथाशिघ्र सकारात्मक परिमाणात्मक कार्यमा जोड दिनु जरुरी छ ।
- सकेसम्म धेरै बजेट स्थानिय तहमा लक्षित समुदायका लागि विनियोजन र प्रभावकारीरुपमा कार्यान्वियन होस् ।

**श्री बाल माया विश्वकर्मा, अधिवक्ता जुरी-नेपाल**

- नेपाल सरकारले विना धितो सहुलियत दरको ऋण कर्जा उपलब्ध गराउने नीति लिएकोमा हरेक बैंकहरुले कम्तिमा १० जना महिलाले १० लाख, दलित १० लाख, उच्च शिक्षा, व्यवसायिक कर्जा ५ करोड सम्मको पाउने भनिएता पनि बैंकमा सम्पर्क गर्न जाँदा बैंकले विना धितो ऋणहरु उपलब्ध नगराई रहेको अवस्था छ । त्यसको प्रभावकारी कार्यान्वन र अनुगमन गरियोस्।

**कार्यक्रममा उपस्थित विशेष वक्ताका सुझावहरु :**

**श्री केदार खडका, कार्यकारी निर्देशक, गो गो फाउण्डेशन** :

- यो वर्ष निर्वाचन वर्ष हो हाल ३ वटा निर्वाचन हुने भएकाले सरकारले प्रभावकारी बजेटभन्दा पनि लोकप्रिय बजेट ल्याउने तर्फ जानसक्छ त्यसकारण लोकप्रिय बजेट भन्दा पनि प्रभावकारी बजेट ल्याउनतर्फ ध्यान जाओस् ।
- तराईमा गेट र पहाडमा भ्यूटावरलाई पूर्णरुपमा निरुत्साहित गरिनुपर्दछ । नागरिकको मानवीय विकास वा आर्थिक, सामाजिक विकासतर्फ ध्यान जानुपर्दछ ।
- संघिय र ७ वटै प्रदेश सहित ८ वटा राष्ट्रिय योजना आयोगहरुवीचमा समन्वय हुनुपर्ने ।
- सरकारले वितरण गरिरकेको सामाजिक सुरक्षा भत्ता सबैलाई हुनेखाने वर्गहरुलाई पनि समान रुपमा बाँडिरहेको छ । यस किसिमको वितरण नगरि न्यायोचित रुपमा वितरण गरिनु पर्दछ ।
- सामाजिक सुरक्षा भत्ता लिनेलाई विपन्न घोषणा गरिएको आधारमा वितरण हुनुपर्दछ ।
- बजेट बाडफाँडमा अझैसम्म पनि केन्द्रिकृत प्रवृत्ति हाबि रहेको पाईएको छ यसलाई संघियताको मोडलमा जानुपर्दछ ।
- उपभोक्ता समिति हाल आएर कार्यकर्ता पाल्ने केन्द्रको रुपमा विकास भएकोले यसमा पूर्नविचार गरिनुपर्दछ ।
- Corporate Social Responsibility अन्तर्गतको रकम कहाँ कुन शिर्षकमा कसरी खर्च भई रहेको छ । सरकारले अध्ययन गरि एकद्धार प्रणालीमा ल्याउनुपर्ने ।
- स-सानो बजेट पनि संघिय र प्रदेश सरकारबाट जाने प्रवृत्ति रोकी केन्द्रिकृत प्रवृतिको अन्त्य गरि स्थानियलाई अधिकार दिनुपर्दछ ।

**श्री शुशिला श्रेष्ठ, अध्यक्ष, वियोण्ड बेइजिङ्ग कमिटि :**

- नीति राम्रो छ, कार्यक्रम राम्रा छन् तर नागरिकले सेवा सुविधा पाईरहेका छैनन् । नागरिकहरुलाई कसरी यथार्थमा समृद्ध बनाउन सकिन्छ भनेर सोच्ने बेला आएको छ ।
- घरको नक्सा पास गर्दा वायोग्याँस बनाउने सहितको नक्सा बनाउने र फोहरलाई मोहरमा परिणत गर्न सकिन्छ ।
- सरकारी कर्मचारीले जनताका सेवा वा आफुलाई काम गर्नका लागि घुस नै दिनु पर्ने प्रवृत्ति झनै बढ्दै गई रहेको छ । सार्वजनिक प्रशासनमा चुस्तता ल्याउनुपर्ने ।
- नेपालका उद्योग धन्दाहरु नीजिकरण भईसके, नेपालमा उखु किसानहरुले संधै आन्दोलन गरेर मात्र आफ्नो उत्पादनको मूल्य पाउने भए पछि किसानले उत्पादन गर्ने कि नगर्ने ?
- सरकारको काम नतिजामुखी नभई बढी प्रक्रियामुखि भएको छ ।
- उत्पादनशिल जमिनहरु कंकृटको थुप्रो भएको छ त्यसलाई कसरी बचाउने ।
- महिलाहरुले घरेलु श्रमिक रुपमा गरेको योगदानको कदर भएको छैन । त्यसको पनि मूल्याङ्कन होस् त्यसका लागि राष्ट्रिय योजना आयोगले पहल गर्नुपर्दछ ।
- नेपालले उत्पादन गरेको तरकारी महंगो भयो भन्दै भारतबाट ल्याईएको सस्तो तरकारी हाम्रो भान्सामा भित्रिएकाले विषादी युक्त तरकारी खाँदा हाम्रो स्वास्थ्य बिग्रिएको छ र गरिवी बढेको छ ।

**श्री भावना भट्ट, उपाध्यक्ष, गैरसरकारी संस्था महासंघः**

- सरकारले एकै चोटि मौलिक हकसंग सम्बन्धित १६ वटा कानूनहरु ल्यायो तर नागरिकका आधारभूत आवश्यकता गुणस्तरिय शिक्षा, स्वास्थ्यमा पहुँच हुन अझै पनि सकिरहेको छैन । मध्यम स्तरको विद्यालयमा बालबालिका पढाउन पनि चर्को मूल्य तिर्नुपर्ने बाध्यता छ, स्वास्थ्य उपचार गराउदा ५० प्रतिशत मानिसहरु झन गरिब भई रहेका तथ्याङ्क बाहिर आईरहेका छन्।
- मुक्त भएका हलियाहरु सरकारले समयमा उचित सम्बोधन नगरेका कारण पुनः हलिया बन्न बाध्य छन् । हालसम्म पनि एक तिहाई मानिसहरु पुनः हलिया बनिरहेका छन् ।
- नागरिक संस्थाको सम्पति सरकारको सम्पति हो । तापनि सामाजिक संघसंस्थालाई निरुत्साहित गर्ने काम भएको छ । नागरिक सस्थालाई हेर्ने दृष्टिकोणमा सुधार होस् ।
- मानव अधिकार कार्ययोजना, दिगो विकासका लक्ष्यहरु जस्ता कार्ययोजना कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने जरुरी छ ।
- स्थानिय निकायले आफ्नो आवश्यकता अनुसार विकास गर्न तयार छ तर कानूनले रोकिरहेको विषयलाई ख्याल गरि कानूनी बाधाहरु फुकाउनुपर्‍यो ।
- नेपालको उत्पादनको ६० प्रतिशत इन्धन खरिदमा गईरहेकाले विद्युतिय उपकरणहरुलाई प्रवर्धन गर्ने प्रोत्साहित गर्नुपर्ने ।
- लैङ्गिकमैत्री बजेटको आफुखुसी व्याख्या हुने गरेको पाइएको छ । बजेट छुट्याउँदा प्रशासनिक खर्च बाहेक लक्षित वर्गका लागि आउने बजेटमा छुट्याईनुपर्दछ ।

**प्रमुख अतिथि माननीय डा.राम कुमार फुयाँल, सदस्य, राष्ट्रिय योजना आयोग :** (यो प्रतिवेदन यस कार्यक्रमका प्रमुख अतिथिज्यूलाई लक्षित गरी तयार गरिएको र यसको उद्देश्य नागरिक संघ संस्थाका सुझाव राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने भएकोले सुझावसँग सम्वन्धित केही विषयहरु मात्र समावेश गरिएको छ ।)

- नेपालको संविधान अनुसार नेपाललाई गणतन्त्रात्मक, लोककल्याणकारी, समाजवादउन्मुख बनाउनका कसरी बनाउन सकिन्छ भन्ने विषयमा नै केन्द्रित रहेर सुझावहरु आएका छन् । सरकारले नीति, कार्यनीति, अनुसार नै बजेटहरु छुट्याईन्छ । यसैको आधारमा कतिपय क्रमागत, कतिपय सालबसाली, कतिपय नियमित हुन्छन् । तीनिहरुलाई निरन्तरता दिनु पर्दछ । राज्यको उत्तरदायित्व पुरा गर्नका लागि व्ययभार बढ्दै जान्छ । यसलाई सम्बोधन गर्ने श्रोत कहाँबाट ल्याएर आउने भन्ने प्रश्न हुन्छ ।
- अबको बजेट वितरणमुखि नभई परिणाममुखि वा प्रभावकारी बजेट आयोस्, भ्यूटावर र गेट बन्नका लागि बजेट नजाओस् भन्ने सुझाव आएको छ । हामि यसलाई दोहोरिन दिदैनौं ।
- देश आर्थिक रुपमा सक्षम भए पश्चात समाजवादतर्फ लाग्ने नेपालले लक्ष्य लिएको छ । त्यसका साथ साथै मानव संशाधनको विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युतमा लगानी बढाउने लक्ष छ ।
- आयोजनाहरुलाई प्राथमिकिकरण गर्ने गरिएको छ । राष्ट्रिय गौरवका आयोजना (संघियले गर्ने), रुपान्तरणकारी आयोजना (संघियले गर्ने), साना (स्थानियले गर्ने), मध्यमस्तरका आयोजना ( प्रदेशस्तरले गर्ने), ठूला आयोजना (प्रदेश र संघियले गर्ने) प्रचलन रहेको छ ।
- बजेट उत्पादनशिल हुनुपर्दछ । सिप विकास गर्ने खालका कार्ययोजना गर्नुपर्दछ । कृषिको उत्पादकत्व बढाउनका लागि आधुनिकिकरण गर्ने योजना रहेको छ ।
- कृषिबाट १५ प्रतिशत आयात गरि रहेका अवस्थालाई ५ प्रतिशतमा झार्ने योजना गरिएकोमा बढेको छ ।
- विद्युतिय उत्पादन बढाउने र आयात घटाउने लक्ष्य छ ।
- भ्रष्टाचार नियन्त्रण गर्नका लागि प्रयासरत छौ ।
- सामाजिक सुरक्षालाई Inclusion and Exculative Error बाट हेर्नका लागि प्रयास गर्ने योजना छ । यसलाई एकद्धार प्रणालीबाट गर्ने योजना गरिएको छ । आवश्यकतामा आधारित बनाउनका लागि तयारीमा रहेका छौं ।
- गरिबी १७ प्रतिशत रहेको थियो । कोभिडले यसलाई बढाएर २० प्रतिशत बढाएको छ । तर गरिबहरु झन गरिब भएका छन् ।
- ५ वर्षको लागि कति बजेट चाहिन्छ भनेर प्रक्षेपण गरेका छौं । श्रोतहरु कहाँबाट कसरी संकलन गर्ने भन्ने विषयमा योजना बनाएको छ ।
- कर संकलन गर्दा कुन दर्जाका नागरिकलाई कस्तो किसिमको कर लगाउने भन्ने विषयमा छलफल भईरहेको छ।

**अधिवक्ता श्याम कुमार विश्वकर्मा, संयोजक, आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार राष्ट्रिय सञ्जाल तथा अध्यक्ष, जुरी- नेपाल** : (कार्यक्रमका अध्यक्षवाट समापन मन्तव्य)

- यहाँ आएका सुझावहरु प्रमुख अतिथि माननिय डा. राम कुमार फुयाँल, राष्ट्रिय योजना आयोगका सदस्यज्यूले यहाँबाट आएका सुझावहरुलाई राम्रो सँग टिपोट गर्नु भएकाले पनि हामि विश्वस्त छौं कि यहाँ आएका सुझावहरुले अब बन्ने बजेट तथा कार्यक्रममा प्राथमिकता पाउने छन् ।
- यसका साथसाथै समयको परिवर्तनसंगै सिपमूलक शिक्षाका पाठ्यक्रम बनाउने, हालको आधारभूत र उच्च शिक्षामा पनि केहि परिमार्जन गर्नुपर्ने जरुरी देखिएकाले यसलाई समय सान्दर्भिक बनाउन जरुरी छ।
- विद्यमान रहेका श्रोतहरुको सदुपयोगमा वनमा रहेका सामाग्रीहरु उपयोग गर्न, खोला, नदिनाला, हिउँ लगायतका श्रोतहरुको उपयोगका लागि पनि योजना बनाउनुपर्ने देखिन्छ । यसका साथै कार्यक्रममा आई आफ्नो महत्वपूर्ण समय दिनु भयो, सुझावहरु राखिदिनु भएकोमा सबै सहभागी लगायत अतिथि र प्रमुख अतिथिज्यूहरुलाई धेरै धेरै धन्यवाद दिई कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ४. सहभागिता :

कार्यक्रममा काठमाडौं उपत्यका वाहिरका सहभागीहरुलाई तथा भौतिकरुपमा उपस्थित हुन असमर्थ भएका व्यक्तिका लागि पनि सहभागिताको पहुँच पुगोस् भन्ने हेतुले यस कार्यक्रमलाई सेमी भर्चुअलरुपमा (भौतिक उपस्थितिमा अल्फा हाउस बुद्दनगर, काठमाडौमा तथा जुममार्फत समेत) सम्पन्न गरिएको थियो । कार्यक्रममा दुबै प्रविधिबाट गरी ३५ जनाको सहभागिता रहेको थियो । यस कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननिय सदस्य डा. राम कुमार फुयाँललाई सरकारी प्रतिनिधिको रुपमा आमन्त्रण गरिएको थियो भने नागरिक संस्थाको हकहितका क्षेत्रमा क्रियाशील महत्वपूर्ण नागरिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागिहरुको विवरण अनुसूचि खण्डमा समावेश गरिएको छ ।

## ५. कार्यक्रमको निष्कर्ष तथा सुझाव :

कार्यक्रममा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालसम्बद्द नागरिक संघ संस्था, महासंघ तथा सञ्जालका प्रतिनिधिहरुले संघिय सरकारले ल्याउने आ.व. २०७९/०८० मा ल्याउने नीति, कार्यक्रम तथा बजेट बनाउदा भौतिक विकासलाई मात्र जोड नदिई मानविय विकासलाई पनि मध्यनजर राखेर बजेट बनोस् भन्ने सबै नागरिक संघ सस्थाहरु एकबद्द भएर सरकारको ध्यानाकृष्ट गरिएको थियो ।

साथै यस कार्यक्रममा प्राप्त भएका सुझाव समेतलाई आधार मानी आ.व. २०७९/०८० मा ल्याउने नीति, कार्यक्रम तथा बजेट ल्याउनका लागि नागरिक समाजको तर्फबाट यी सुझावहरु पेश गरिएको हो ।

## अनुसूचि खण्ड

### अनुसूचि १ : कार्यक्रममा उपस्थित सहभागीहरुको नामावली

२२ चैत्र २०७८ (५ अप्रिल, २०२२), बुद्धनगर, नयाँवानेश्वर, काठमाडौं

| क्र.सं. | सहभागीको नाम | कार्यालय/संस्था, ठेगाना | पद |
|---|---|---|---|
| 1 | श्याम विश्वकर्मा | जुरी - नेपाल | अध्यक्ष |
| 2 | भावना भट्ट | गै.स.स. महासंघ | उपाध्यक्ष |
| 3 | सुशीला श्रेष्ठ | बिबिसि नेपाल | अध्यक्ष |
| 4 | डा. रामकुमार फुयाल | राष्ट्रिय योजना आयोग | माननीय सदस्य |
| 5 | केदार खड्का | गो गो फाउण्डेशन | कार्यकारी निर्देशक |
| 6 | कमला विश्वकर्मा | जागरण मिडिया सेन्टर | अध्यक्ष |
| 7 | सुन्दर ब. सेनी | एस आइ एल पि पि | सस्थापक कार्यकारी निर्देशक |
| 8 | पार्वती देवी रावल | महिला सग संस्था | सदस्य |
| 9 | अशोक ब. सिंह | फियान नेपाल | कार्यकारी निर्देशक |
| 10 | एलिना श्रेष्ठ | इको हिमाल नेपाल | Program & M&E |
| 11 | परशु राम चौधरी | निल हिरा समाज | M&E officer |
| 12 | शर्मिला पराजुली | जुरी- नेपाल | कोषाध्यक्ष |
| 13 | कृष्ण घले | आइ डब्लु एल नेपाल | सदस्य |
| 14 | पम्फा परियार | एडवान | अध्यक्ष |
| 15 | अनिता भुजेल | जुरी - नेपाल | Team Leader |
| 16 | सुनिल कुमार श्रेष्ठ | सबैको लागि न्याय | कानुन अधिकृत |
| 17 | बिमला तमाङ्ग | नेपाल महिला एकता समाज | अध्यक्ष |
| 18 | माया घिसिङ | नेपाल महिला एकता समाज | S.M |
| 19 | अर्पणा श्रेष्ठ | एम्नेष्टी नेपाल | मानवअधिकार शिक्षा अधिकृत |
| 20 | बालमाया विश्वकर्मा | जुरी- नेपाल | कार्यक्रम तथा कानुन अधिकृत |

| क्र.सं. | सहभागीको नाम | कार्यालय/संस्था, ठेगाना | पद |
|---|---|---|---|
| 21 | लुभराज न्यौपाने | ओरेक | कार्यकारी निर्देशक |
| 22 | रत्न कार्की | आर आर.एन | कार्यकारी निर्देशक |
| 23 | मित्रलाल शर्मा | एन.एफ डि.एन | अध्यक्ष |
| 24 | इश्वर रैला | एन.एफ डि. एन | कर्मचारी |
| 25 | एकबहादुर क्षेत्री | नागरिक अभियन्ता | अभियन्ता |
| 26 | विष्णु प्रसाद पोखरेल | जुरी- नेपाल | उप निर्देशक/कार्यक्रम व्यवस्थापक |
| 27 | अनुजा के.सी. | जुरी - नेपाल | कार्यक्रम सहायक |
| 28 | राम प्रसाद पाण्डे | जुरी - नेपाल | कार्यालय सहायक |
| 29 | मोहन लाल आचार्य | जुरी - नेपाल | कार्यकारी निर्देशक |
| 30 | रेमन्त चौधरी | स्वान, दाङ | संयोजक |
| 31 | पोम नारायण पौडेल | एस.एस.डि.सि, कपिलवस्तु | सल्लाहकार |
| 32 | राम बुढा मगर | आई.आर.डि.सि, कपिलवस्तु | परियोजना संयोजक |
| 33 | अमिता गौद | डि.एस.डि.सि. कपिलवस्तु | कार्यक्रम संयोजक |
| 34 | बुद्धिसागर न्यौपाने | प्रभात जिल्ला युवा क्लब, क.व. | अध्यक्ष |
| 35 | कविता थारु | कपिलवस्तु जिल्ला युवा क्लब | सचिव |